महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
(आर्थिक प्रशासन शाखा)

फ्याक्स : ५५२१२१४
Email: dwd1@wlink.com.np
Website: www.dwd.gov.np

ललितपुर ।

मिति : २०७४।५।२१

पत्र संख्या : आ.प्र ०७४।७५
च.नं : 956

**विषय : लेखापरीक्षण तथा बेरुजू सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी हुने बारे ।**

श्री महिला तथा बालबालिका कार्यालय,

मोरङ, ओखलढुंगा, सिन्धुपाल्चोक, काभ्रे, धादिङ, भक्तपुर, काठमाडौं, कपिलवस्तु, तनहुँ, रुकुम, दैलेख, बाँके, जुम्ला, कालीकोट, बाजुरा ।

उपर्युक्त सम्बन्धमा यस विभाग र संयुक्त राष्ट्र संघीय बाल कोष (युनिसेफ) को संयुक्त आयोजनामा विशेषतः बेरुजूको आधारमा उल्लेख्य लगत रहेका जिल्लाहरुको बेरुजूको प्रभावकारी सम्परीक्षण तथा भविष्यमा कसरी न्यून गर्ने भन्ने विषयउपर छलफल तथा अभ्यासका लागि कार्यालय प्रमुख तथा लेखाप्रमुखको सहभागिता हुने २ दिने लेखापरीक्षण तथा बेरुजू सम्बन्धी कार्यशाला गोष्ठी आयोजना तपशील वमोजिमको मिति तथा स्थानमा हुन गइरहेकाले तहाँबाट सहभागी भइदिनु हुन अनुरोध छ । गोष्ठीको कार्यतालिका यसै पत्र साथ संलग्न गरिएको छ ।

साथै सहभागीलाई अनिवार्य रुपमा आ.व. २०७२।७३ सम्मको बेरुजू लगत र सो लगतलाई फछ्र्यौट हुन सक्ने सवै किसिमका प्रमाण कागजात सहित आउन समेत अनुरोध गरिन्छ ।

**तपशील :**

| | |
|---|---|
| कार्यक्रम सञ्चालन हुने - | मिति २०७४/६/२ सोमबार - २०७४/६/३ मंगलबारसम्म |
| स्थान - | बल्थली भिलेज रिसोर्ट, काभ्रेपलाञ्चोक (सम्पर्क ०११-६८१२७१) |
| सम्पर्क व्यक्ति - | दीपकराज श्रेष्ठ, लेखा अधिकृत (९८४१५९६९८५), |
| | बसन्त सिलवाल, लेखापाल (९८४१३४२२९६) |

पुनश्चः - सहभागीहरु मिति २०७४।६।१ आइतबार साँझसम्म होटलमा पुगी सक्नुपर्नेछ । सम्बन्धित कार्यालयले सहभागिता सम्बन्धी जानकारी मिति २०७४।५।२५ सम्म यस विभागमा गराउनु हुन अनुरोध छ ।

.................................
कृष्ण प्रसाद आचार्य
उप-सचिव (लेखा)